

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत १५ गते बिहीबार ❑ 28 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## एमाले कास्कीको अध्यक्षमा बैनबहादुर क्षेत्री

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत

नेकपा एमाले कास्कीको ११ औं जिल्ला अधिवेशनबाट बैनबहादुर अधिकारी क्षेत्री विजयी हुनु भएको छ। बुधबार सम्पन्न भएको निर्वाचनबाट उहाँले निकटम् प्रतिद्धन्दी माधव प्रसाद बास्तोलालाई २ सय ४ मत अन्तरले पछि पार्दै विजयी हुनु भएको हो।



मंगलबार देखि सुरु भएको बिद्युतीय भोटिङमा बुधबार बेलुका सम्पन्न भएको निर्वाचनबाट क्षेत्रीले ५ सय ५१ मत ल्याउदा बास्तोलाले भने ३ सय ४७ मत प्राप्त गर्नु भएको थियो। क्षेत्री एमाले नेता खगराज अधिकारीको निकटका हुनुहुन्छ भने बास्तोला एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङ निकट उमेदवार हुनुहुन्थ्यो । जिल्लाको पदाधिकारीमा पनि एमाले नेता अधिकारी समुह विजयी भएका छन् । कास्कीमा अधिकारी र गुरुङ समुहले प्यानलनै बनाएर चुनावमा प्रतिष्प्रर्धा गर्नु भएको थियो । ९ सय ३५ मत मध्य ९ सय १४ जनाले मतदान गरेको निर्वाचन कार्यालयले जनाएको छ।

कुनै प्यानल विना अध्यक्षका अर्का प्रत्यासी विवेक त्रिपाठीले भने १७ मत प्राप्त गर्नु भयो । त्यसै गरी समितिको उपाध्यक्षमा भेषराज बराल, सचिवमा लेखबहादुर तामाङ (दर्शन लामा), उपसचिवमा लालबहादुर परियार र उपसचिव महिलातर्फ सन्तुदेवी सुवेदी विजयी हुनु भएको छ । अधिवेशनबाट पदाधिकारी सहित एक सय २० जनाको कमिटी चयन भएको हो । १० प्रतिशत मनोनीत र १० प्रतिशत अन्य पार्टीबाट आएकालाई चयन गर्ने एमाले कास्कीले जनाएको छ।

पृथ्वीसुब्बा निकटका शिव आचार्य उपाध्यक्षका प्रत्यासी र सुरेन्द्र गुरुङ सचिवका प्रत्यासी, सचिवमा गीता बिकका प्रत्यासी राधिका शाही योगी प्रत्यासी हुनुहुन्थ्यो भने उपसचिवको उमेदवारमा संगीता सुवेदी रहनु भएको थियो । आगामी दुई वर्षका लागि जिल्ला कमिटीको नेतृत्व लिन एमालेका नेता/कार्यकर्ता प्यानलसहित चुनावी प्रतिस्पर्धामा उत्रेका थिए।

## कास्कीमा १० हजार १ सय ७४ जना परीक्षार्थी एसईईमा सहभागी हुदै

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत

कास्की जिल्लाबाट यस बर्षको एसईई परीक्षामा १० हजार १ सय ७४ जना परीक्षार्थीहरु सहभागी हुदै छन् ।

बिहीबारदेखि सुरु हुने एसईई परिक्षामा कास्कीका ३५ वटा परीक्षा केन्द्रमा १० हजार १ सय ७४ जना परीक्षार्थीहरु सहभागी हुने भएको शिक्षा विकास तथा समन्वय ईकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले बताउनु भयो । उक्त परीक्षामा ५ हजार ३ सय २ जना छात्र र ४ हजार ८ सय ७२ जना छात्रा सहभागी हुने भएको उहाँले जनाउनुभयो । पोखरा महानगरमा ३३ वटा केन्द्र कास्कीका दुई पालिका अन्नपूर्ण गाउँपालिका र रुपा गाउँपालिका गरी ३५ वटा केन्द्र रहेकाछन् भने कास्कीका दुई पालिका माछापुच्छ्रे गाउँपालिका र मादी गाउँपालिकाका परीक्षार्थीहरुले भने पोखराका बिद्यालयबाट परीक्षा दिनुपर्ने बाध्यता रहेको छ । भद्रकालिका माविमा सबै भन्दा धेरै परीक्षार्थी ३ सय ७८ जना र सबैभन्दा कम रुपा गाउँपालिकाको चन्द्र प्रवाह माविबाट परीक्षार्थीहरु सहभागी हुदै गरेको प्रमुख आचार्यले जनाउनु भयो । १ सय ६५ सामुदायिक विद्यालय र १ सय २२ संस्थागत विद्यालयका परिक्षार्थी यस बर्षको एसईईमा सहभागी हुदै हुनुहुन्छ ।

बिहीबार विहान ८ बजेदेखि सुरु हुने उक्त परीक्षामा कास्कीका ६ जना दृष्टिविहिन र १६ जना सुस्त श्रवण सहभागी हुने भएको उहाँले जनाउनु भयो। अमरसिंह नमुना माविबाट ५ जना एक जना खुल्ला गरी ६ जना दृष्टिविहिन र सृजना बहिरा माविबाट १६ जना सुष्त श्रवण सहभागी हुने भएको अध्यक्ष आचार्यले जनाउनु भयो । गत बर्ष १० हजार १ सय ८९ परीक्षार्थी एसईई परिक्षामा सहभागी हुनु भएको थियो । महतगौडाको जानकी मावि यसपाली केन्द्रको रुपमा बढेको हो। गत बर्ष ३४ वटा परिक्षा केन्द्र रहेका थिए।

## सडक विस्तारका कारण राजमार्ग छेउका होटल सुनसान

**रासस**
तनहुँ, १४ चैत

पृथ्वी राजमार्ग विस्तारसँगै धुलोका कारण सो राजमार्गमा दैनिक गुड्ने बसका यात्रुको खाजा र खाना खाने गन्तव्य बदलिएको छ। धुलोका कारण राजमार्ग छेउछाउका होटल सुनसान बनेका छन् ।

पृथ्वी राजमार्गको पोखरादेखि नौविसेसम्मको एक सय ७२ किलोमिटर सडक खण्डमध्ये तनहुँको ७२ किलोमिटर सडक विस्तारको काम धमाधम भइरहेको छ । यात्रुले खाजा र खाना नखाँदा व्यवसाय धान्न गाह्रो भएको होटल व्यवसायी बताउँछन् । उनीहरू डेड वर्षदेखि राजमार्गको धुलोले सास्ती खेप्दै आएका छन् ।

"सडक विस्तार अघि खाजा र खाना खान आउने यात्रुको चाप थेगी सक्नु हुन्थेन," व्यास नगरपालिका-१ नयाँ पुलस्थित होटल सिंहका सञ्चालक भिमसिंह ठकुरीले भन्नुभयो, "अहिले होटलमा यात्रु फाट्टफुट्ट आउने गरेका छन् । यात्रु खाना खान नआउँदा हुँदा होटल अन्यत्र सञ्चालन गर्नुपर्छकी भन्ने सोचमा पुगेको छु ।" सडक विस्तार अघि दैनिक रु १० हजारभन्दा बढीको व्यापार हुने गरेको सिंहले बताउनुभयो । "हाल दैनिक रु एक हजारको व्यापार पनि हुँदैन", उहाँले भन्नुभयो । यस्तै आँबुखैरेनी गाउँपालिका-१ एक्लेफाँटस्थित पृथ्वी राजमार्ग छेउमा होटल सञ्चालन गर्दै आउनुभएका दिवस अधिकारीको दैनिकीसमेत सिंहको भन्दा कम छैन । राजमार्ग विस्तार अघिको व्यापार पछिल्लो समय ह्वात्तै घटेके उहाँको भनाइ छ । "पहिला ग्राहकको चापले पकाउन र खुवाउन भ्याइनभ्याई हुन्थ्यो," उहाँले भन्नुभयो । धुलोले आहत भएपछि ग्राहक नआउँदा होटल बन्द


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पुनर्जीवित गरिँदै ऐतिहासिक साँघुमुख बजार

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत

पोखरा-९ महेन्द्रपुलस्थित तीन सय वर्ष पुरानो साँघुमुख बजारलाई व्यवस्थित गरी पुनर्जीवित गर्ने कामको थालनी गरिएको छ। सन्ध्याकालीन बजार व्यवस्थापन समितिको सक्रियतामा पुरानो बजारलाई पुनर्जीवित र सेती नदी किनारमा रहेको दुई रोपनी क्षेत्रफल जमिनलाई पार्कका रूपमा विकास गर्न लागिएको हो।

उक्त समितिका अध्यक्ष रामहरि पौडेलले साँघुमुखको इतिहास जोगाउन बजारको विकास र व्यवस्थित पार्क निर्माण गर्ने उद्देश्यका साथ काम सुरु गरेको बताउनुभयो । अध्यक्ष पौडेलले साँघुमुखको इतिहास यहाँका पूर्वजसँग जोडिएकाले यसको महत्व धेरै भएको बताउनुभयो । ६० वर्षअघि साँघुमुखको दुई सय मिटर दक्षिणमा पक्की पुल बनेपछि साँघुको मुखमा रहेको बजार ओझेलमा परेको थियो। साँघुमुखको पार्कको जमिन सयौँ वर्षदेखि डम्पिङ साइटमा प्रयोग हुँदै आएको थियो । "बजार व्यवस्थापन गर्न सन्ध्याकालीन बजार सञ्चालनमा ल्याइएको छ", अध्यक्ष पौडेलले भन्नुभयो, "बजार विस्तार गर्न स्थानीयहरूले अर्ग्यानिक तरकारी तथा कृषिजन्य वस्तु बिक्रीका लागि घर अगाडि राख्न थालेका छन् ।" उहिलेदेखि पोखरा वारि र पारि भन्ने गरिन्थ्यो। वारितर्फ सेती नदीको पश्चिमी भू-भाग थियो भने पारि सेती नदीको पूर्वी भू-भाग । सेती नदी वारपार गर्न विसं १८२० मा कोठेसाँघु निर्माण गरिएको थियो। त्यही साँघुको मुखमा रहेको बजार पोखरेलीमाझ साँघुमुख बजारका रूपमा प्रख्यात रहेको स्थानीय खुरेन्द्रमान माकाजुले बताउनुभयो। कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहले राज्य विस्तारका क्रममा पोखराको पूर्वमा रहेको अघौंपौवा आक्रमण गर्न सेती नदीमाथि बाँसको साँघु बनाएको ठाउँलाई अहिले पनि कोठेसाँघु भनिन्छ।

महेन्द्रपुलमा पक्की पुल बनेपछि त्यही साँघुको पश्चिमी डिलमा रहेको साँघुमुख बजार ओझेलमा परेको थियो। कोठेसाँघु बन्नु अघि पनि सेती नदी तर्न साँघु बनाइएको थियो । चौधौँ शताब्दीको सुरुतिर कास्कीमा घले राज्य हुँदा लमजुङ तथा अन्य स्थानबाट कास्कीमा आउन जान सेतीमा ठूला-ठूला मुढा तेर्साएर पुल बनाएको इतिहास छ।

विसं २०१७ को परिवर्तनपछि पोखरामा अञ्चलाधीशका रूपमा भूदेव राई आएका थिए । राई तिनै व्यक्ति थिए जसलाई राजा महेन्द्रले २०१५ को चुनावमा बिपी कोइरालाविरुद्ध मोरङ दक्षिणमा उठाएका थिए । तिनै भूदेव राई पोखरा आएपछि कोठेसाँघु रहेको ठाउँदेखि केही उचाइमा पक्की पुल बनाइयो जसलाई हाल महेन्द्र पुल भनेर चिनिने स्थानीय चक्रपाणि चालिसे बताउनुहुन्छ।

राजा महेन्द्रको पालामा बनेकाले सो पुलको नाम महेन्द्रपुल भनी नामकरण गरियो। राईले महेन्द्रपुल निर्माण गर्न त्यतिबेला साँघुमुख, बास्तोलाथर, रानीपौवामा कहलिएका साहु, महाजन तथा सर्वसाधारणलाई समेत कम्तीमा एकदिन ढुङ्गा बालुवा बोक्न लगाएको स्थानीयवासी रामचन्द्र थापाले स्मरण गर्नुभयो । राईकै पालामा बास्तोलाथरदेखि विमानस्थलसम्म जाने बाटो बनेको थियो। सरकारी कार्यालयको व्यवस्थापन एकै ठाउँमा गर्न पार्दीको जग्गा अधिग्रहण गर्ने काम पनि उनै राईको पालामा भएको थियो।

## परम्परागत होइन, उत्पादन र रोजगार केन्द्रित बजेटको तयारी गर्नुस् : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, १४ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले परम्परागत ढाँचाको नभएर उत्पादन र रोजगारीलाई लक्षित गरी बजेट निर्माणको तयारी गर्न निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आज आयोजित आर्थिक वर्ष २०८१/८२ को बजेटको स्रोत अनुमानसम्बन्धी बैठकमा उहाँले जनतामा आशा जगाउने गरी उत्पादन र रोजगार केन्द्रित बजेटको तयारी गर्न निर्देशन दिनुभएको हो। प्रधानमन्त्रीले भन्नुभयो, "नीति तथा कार्यक्रम र बजेट निर्माणमा दुई थरि 'स्कुल अफ थट' छन् । एउटा दृष्टिकोण छ, 'अर्थतन्त्र दबाबमा छ, धान्न सक्ने परम्परागत ढाँचाकै बजेट बनाएर जाउँ ।' अर्को दृष्टिकोण छ, 'चुनौतीभित्र नै केही गरेर देखाउने र परिणाम दिने अवसर पनि हुन्छ ।' त्यसैले नीति तथा कार्यक्रम र बजेटमार्फत केही नयाँ गरौँ। देशमा केही हुँदैन भन्ने भाष्य व्यवहारबाट चिरौँ। म चाही केही नयाँ गरौँ भन्नेमा दृढ छु ।" छलफलमा प्रधानमन्त्रीले सङ्कटको बेला राज्यले हस्तक्षेप गरेरै भए पनि अभिभावकीय भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "सङ्कटको बेला नै राज्य चाहिन्छ । राज्यप्रति जनताको विश्वास बढ्ने पनि यस्तै बेला हो। त्यसैले बजेटलाई नयाँपन दिउँ। सरकारले केही नयाँ गर्दैछ भन्ने कुरा जनताले प्रष्ट देखुन् । उनीहरूमा सकारात्मक आशा जागोस्। जनतामा आशा जगाएर मात्रै हरेक देशले प्रगति गर्न सक्छ । " सो क्रममा राजस्व बढाउन नयाँ कार्ययोजनासहित अगाडि बढ्न प्रधानमन्त्रीले निर्देशन दिनुभयो। उहाँले भन्नुभयो, "राजस्व सङ्कलनलाई प्रभावकारी बनाउन जोड दिनुस् । राजस्वको दायरा बढाउने र चुहावट रोक्ने काममा केन्द्रित हुनुस्।

पुँजीगत खर्चको सामर्थ्य बढाउन विशेष रूपले अग्रसर हुनुस्। पुँजीगत खर्च नबढ्नुको प्रमुख कारण खर्च गर्न नसक्ने र अनावश्यक ठाउँमा बजेट फस्नु हो । यसपटक निर्मम भएर आयोजनाको प्राथमिकीकरण गर्नुस् । राम्रो गरिरहेका योजनामा बजेट थपेर अनावश्यक ठाउँको बजेट घटाइदिनुस् ।" आयोजनाको प्राथमिकीकरणको काम व्यवस्थित गर्न प्रधानमन्त्रीले निर्देशित गर्नुभयो। उहाँले भन्नुभयो, "जुन आयोजनामा काम राम्रो भएको छ, खर्च गर्ने क्षमता पनि राम्रो छ, त्यस्तोलाई प्राथमिकता दिउँ। जहाँ केही काम भएको छ, त्यसलाई निरन्तरता दिउँ। जहाँ काम भएको छैन, त्यस्ता योजना हटाइदिउँ। बजेट मात्रै थुपार्ने तर कुनै परिणाम नदिने र अनावश्यक दायित्व मात्रै थप्ने योजना नराखौँ। त्यसरी हटाएका योजनामा जाने बजेट उत्पादन र रोजगारी सृजनामा केन्द्रित गरौँ।"

बैठकमा अर्थमन्त्री वर्षमान पुनले अर्थतन्त्र दबाबमै रहेकाले परिणाम दिने ठाउँमा लगानी केन्द्रित गर्दै अर्थतन्त्रलाई गति दिनुपर्ने बताउनुभयो। बैठकमा अर्थमन्त्री पुन, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, राष्ट्रिय वित्त आयोगका अध्यक्ष बालानन्द पौडेल, मुख्यसचिव डा. बैकुण्ठ अर्याल,सरकारका विभिन्न मन्त्रालयका सचिवहरू, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा स्पोर्ट्स अवार्डको प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत



आठौं संस्करणको ' पोखरा स्पोर्ट्स अवार्ड २०८० को प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय रहने भएको छ। आउँदो वैशाख २१ गते पोखरा सभागृहमा हुने उक्त अवार्डलाई सफल पार्न बोर्ड र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी बिच बुधबार सम्झौता भएको हो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख नविन पोखरेल, बोर्डका बरिष्ठ अधिकृत कुन्दन शर्मा मिश्र र मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल बिच सम्झौता पत्रमा हस्ताक्षर गरिएको थियो । पोखराको खेल पर्यटन प्रबर्द्धन गर्न यस्ता कार्यक्रमले थप टेवा पुग्ने विश्वास गरिएको प्रमुख पोखरेलले जनाउनु भयो। मञ्चले आयोजना गर्ने उक्त कार्यक्रममा बोर्डलाई प्रबर्द्धक रहेकोमा धन्यवाद दिदै अध्यक्ष बरालले आगामी दिनमा यस्तै सहयोग र सहकार्यको अपेक्षा गरिएको जनाउनु भयो। उक्त कार्यक्रममा मञ्चका सदस्य रोहितराज पराजुली समेत रहनु भएको थियो।

अवार्ड कार्यक्रम मार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने महासचिव राजाराम पौडेलले जनाउनु भयो। अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहनेछ भने पोखरा महानगरपालिकाको समन्वयमा उक्त प्रतियोगिता हुने भएको हो । राष्ट्रिय खेलकुद परिषद, काठमाण्डौंको चाइना टाउनमा रहेको साहस स्पोर्टस लगायतका संस्थाको सहयोग रहने भएको सचिव शसिकुमार पौडेलले बताउनु भयो।

अफिसियल होटलको रुपमा पोखरा लेकसाइडमा रहेको मझेरी रिर्सोट एण्ड स्पा रहेको छ। थप सहयोगी व्यक्ति तथा संस्था जोडिने क्रम जारी रहेको मञ्चले जनाएको छ। खेलाडी तथा खेल क्षेत्रमा क्रियाशिललाई उर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको छ।

# पोखरामा हुने अन्तर विद्यालय छात्रा क्रिकेटलाई कंगारुको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत




पोखरा महानगरपालिका क्रिकेट संघको आयोजनामा आगामी बैशाख १५ देखि शुरु हुन लागेको पोखरा महानगरस्तरिय अन्तर विद्यालय छात्रा क्रिकेट प्रतियोगितालाई कंगारु एजुकेशन फाउण्डेशनले मुख्य प्रायोजन गर्ने भएको छ।

फाउण्डेशन र आयोजक पोखरा महानगरपालिका क्रिकेट संघविच उक्त सम्झौता भएको आयोजक समितिका अध्यक्ष विरेन्द्र पुनले जानकारी दिनुभयो।

२०२७ को टि ट्वान्टी यु-१९ विश्वकप क्रिकेट प्रतियोगितामा पोखराबाट खेलाडी उत्पादन गर्दै पोखरालाई क्रिकेटका माध्यमबाट पनि परिचित गराउन यो सहयोग गरेको फाउण्डन पोखराका निर्देशक टि आर काफ्लेले बताउनुभयो। अध्यक्ष पुनले फाउण्डेशनको सहयोगप्रति धन्यवादज्ञापनगर्दैयस्तैसहयोगबाटनेपाली महिला क्रिकेटले सफलता पाउने विश्वास व्यक्त गर्नुभयो। महिला टिमले क्रिकेटका माध्यमबाट नेपाललाई अन्तर्राष्ट्रिय जगतमा चिनाउन अहम भूमिंका निर्वाह गरेकोले महानगरले महिला क्रिकेटलाई प्राथमिकतामा राखको पुनको भनाई छ । पोखरा रंगशालामा बैशाख २१ गते सम्म सञ्चालन हुने प्रतियोगिताका पोखराका विभिन्न १२ विद्यालयलाई सहभागिता गराइनेप्रतियोगितासंयोजकगोविन्द प्रधानले बताउनुभयो। सहभागि टिमलाई ४ समुहमा विभाजन गरि लिगकम नकआउटका आधारमा खेलाइने उहाँको भनाई छ । प्रतियोगितामा सहभागि विद्यालयले कम्तिमा पनि दुई खेल खेल्न पाउने छन् । लिग चरणमा शिर्षस्थान हाँसिल गर्ने हरेक समुहबाट एक विद्यालय सेमिफाइनल प्रवेश गर्नेछ।

प्रतियोगिताका विजेता तथा उपविजेता टिमले ट्रफि मेडल प्रमाणपत्र पुरस्कार पाउनेछन् । त्यसैगरि हरेक खेलमा उमन अफ द म्याच, उमन अफ द सिरिज, बेष्ट व्याट्सउमन, बेष्ट बलर लगायतलाई छुट्टाछुट्टै पुरस्कार प्रदान गरिने कोषाध्यक्ष ऋषिकेश सर्माले जानकारी दिनुभयो।

# सडक ...

गर्ने अवस्था आएको अधिकारी बताउनुहुन्छ। उहाँले व्यापार घटेपछी कर्मचारीसमेत कटौती गर्नुभएको छ।

आँबुखैरेनी-१ एक्लेफाँटस्थित ओपनहार्ट रेष्टुरेण्टका सञ्चालक सुशिल बानियाँले राजमार्ग विस्तारको प्रभाव राजमार्ग छेउछाउका होटलमा प्रत्यक्ष रूपमा परेको बताउनुभयो। "राजमार्ग विस्तारबाट यहाँका होटलमा प्रत्यक्ष असर परेको छ", उहाँले भन्नुभयो, "राजमार्ग विस्तारपछि पहिलाको जस्तै व्यापार बढ्ने आशमा बसेका छौं।" तनहुँको आँबुखैरेनी, एक्लेफाँट, याम्पा, नयाँ पुल, विमलनगर, डुम्रे, दमौली, थर्पु, जामुने, खैरेनीटार, बेलचौतारा, दुलेगौंडा, कोत्रेलगायत क्षेत्रमा राजमार्ग छेउछाउमा साना ठुला गरी करिव सात सय ५० होटल सञ्चालनमा छन्।

क्षेत्रीय होटल सङ्घ तनहुँका अध्यक्ष राम जोशीका अनुसार सङ्घमा आवद्ध तनहुँका आठ सय होटलमध्ये भिमाद गाउँपालिका बाहेकको करिव पाँच सय ५० होटल राजमार्ग क्षेत्रमा पर्दछन् । त्यसैगरी सङ्घमा आवद्ध तनहुँका पाँच सय होटलमध्ये करिव दुई सय होटल राजमार्ग क्षेत्रमा पर्ने उहाँले बताउनुभयो। बन्दिपुर-१ डुम्रेस्थित मुस्ताङ होटलका सञ्चालक समेत रहनुभएका अध्यक्ष जोशीले राजमार्ग विस्तारको क्रममा धुलोले गर्दा आफ्नो होटलमा आउने ग्राहकको सङ्ख्या करिव ९० प्रतिशतले घटेको बताउनुभयो। राजमार्ग क्षेत्रको होटलमा यात्रु नहुँदा अधिकांश होटल व्यवसायीले वित्तिय संस्थाको किस्तासमेत तिर्न नसकेकाले सङ्घले केन्द्रियस्तरबाटै व्याजको व्यवस्था गर्न पटक पटक आग्रह गर्दैआएको उहाँको भनाइ छ। धुलोको कारण यात्रुले मुग्लिन र पोखरा क्षेत्रमा मात्र खाजा र खाना खाने गरेका अध्यक्ष जोशीले बताउनुभयो । होटल व्यवसायी सङ्घ तनहुँका निवर्तमान अध्यक्ष तथा होटल व्यवसायी महासङ्घ गण्डकी प्रदेशका वरिष्ठ उपाध्यक्ष दुर्गा विलास भट्टराईको गुनासो पनि उस्तै छ । राजमार्ग विस्तारले प्रभावित होटललाई न्यून व्याजदरमा ऋणको व्यवस्था गर्न वित्तिय संस्थासँग माग गरे पनि सुनवाई नभएको वरिष्ठ उपाध्यक्ष भट्टराईको भनाइ छ।

धुलो नियन्त्रणका लागि राजमार्गमा नियमितरूपमा पानी हाल्ने गरेको मुग्लिन पोखरा सडक आयोजना कार्यालयका पश्चिम खण्डका ईन्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो। मुग्लिन पोखरा सडक आयोजनाको पूर्वीखण्ड आँबुखैरेनीदेखि जामुनेसम्म ४१ किलोमिटर सडकको ठेक्का चिनिया कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सन कम्पनीले रु ६ अब २१ करोडमा लिएको छ। सो कम्पनीले २०७८ वैशाख २ गतेदेखि काम सुरु गरेको हो। हाल यस खण्डमा ५३ प्रतिशतभन्दा बढी काम सम्पन्न भएको मुग्लिन पोखरा सडक आयोजनाका पूर्वीखण्ड प्रमुख स्याम यादवले बताउनुभयो।

त्यसैगरी जामुनेदेखि पोखरा सडक खण्डको ३८ किलोमिटर सडक विस्तार चिनिया कम्पनी एनहुई केयुनन हाइवे एण्ड ब्रिजले पाएको छ । कम्पनीसँग २०७८ जेठमा पश्चिम खण्ड विस्तार गर्न रु सात अर्ब ४० करोडमा ठेक्का सम्झौता भएको र हालसम्म यसको २० प्रतिशत काम भएको सो आयोजनाका पश्चिम खण्डका ईन्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो।

# सोह्र वर्षदेखि स्तरोन्नतिको प्रतीक्षामा बरेङ-शान्तिपुर सडक

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ चैत

दक्षिण बागलुङलाई मुख्य सहरी क्षेत्रसँग जोड्न विसं २०६४ मा ट्र्याक खुल्यो तर बरेङ गाउँपालिका र गुल्मीको शान्तिपुरलाई जोड्न बनाइएको सडक १६ वर्ष बितिसक्दा पनि स्तरोन्नति हुनसकेको छैन।

खाल्डाखुल्डी र अप्ठ्यारो सडक त्यसमाथि साँघुरो हुँदा यहाँका हजारौं नागरिक जोखिम मोलेर यात्रा गर्न बाध्य छन्। बरेङबाट शान्तिपुरसम्मको १३ किलोमिटर सडक डेढ दशकदेखि बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने गरेको छ । दुवै याममा स्थानीयले सास्ती खेप्नुपरेको छ। राष्ट्रिय गौरवका आयोजनाअन्तर्गतका मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर, सालझण्डी-ढोरपाटन सडक भए पनि बरेङ गाउँपालिकासँग जोडिएका छैनन् तर गाउँपालिकाले कालीगण्डकी करिडोरसँग जोड्न सडक निर्माण गरिसकेको छ। दुई जिल्लालाई जोड्ने यो सडकलाई दक्षिण बागलुङ 'व्यापारिक सडक'का रूपमा लिइन्छ । बरेङ क्षेत्रका लागि जिल्ला सदरमुकाम बागलुङ बजार अपायक पर्छ। प्रशासनिक कामबाहेक यहाँका अधिकांश स्थानीय बुटवल जाने गर्छन् । दैनिक हजारौं यात्रु ओहोरदोहोर गर्ने सडकको दुरावस्था सम्बोधनका निम्ति राज्यको नजर नपरेकामा स्थानीय खिन्न छन्।

गाउँपालिकाले बरेङडाँडाबाट पालिकाको कार्यालय सुँडालासम्म सडक फराकिलो बनाउने, पानीको निकासका निम्ति नाली निर्माण र ग्याबिन उठाइएको छ। सडक कालोपत्र गर्न बजेट अभाव भएको बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले दुखेसो गर्नुभयो । कालोपत्रका लागि धेरै बजेट लाग्ने तर पालिकाको बजेटले नभ्याउने उहाँले बताउनुभयो । गुल्मीको शान्तिपुर र बुटवल व्यापार तथा अन्य कामका लागि नजिक भएको हुँदा आवतजावत बाक्लो हुने उक्त सडक अपरिहार्य भएको अध्यक्ष शर्मा बताउनुहुन्छ।

अध्यक्ष शर्माले भन्नुभयो, "यो सडक बाह्रै महिना सञ्चालन हुन्छ, तर निकै साँघुरो र अप्ठ्यारो छ, यस्तो सडकमा दुर्घटना हुने जोखिम उच्च हुन्छ, सडकलाई व्यवस्थित गरी कालोपत्र गर्न केन्द्र र प्रदेश सरकारसँग माग गर्दै आएका छौं, पालिकाको बजेटले पुग्दैन, तर समय-समयमा साँघुरो सडकलाई फराकिलो बनाएर सवारीसाधन सञ्चालन गर्ने गरेका छौं, करिब दुई-तीन किलोमिटर कालोपत्रका लागि तयार पनि गरेका छौं, बजेट अभावले काम हुनसकेको छैन।"

# पार्टीको भूमिका हाल यथावत राख्ने नागरिक उन्मुक्ति पार्टीको निर्णय

**रासस**
पोखरा, १४ चैत

नागरिक उन्मुक्ति पार्टीका संस्थापक सदस्यको बैठकले सङ्घीय सरकार र प्रदेश सरकारका सवालमा पार्टीले निर्वाह गरिरहेको भूमिकालाई अहिले यथावत राख्ने निर्णय गरेको छ। कैलालीको टीकापुरमा बुधबार बसेको पार्टीका संस्थापकको बैठकले अहिले सङ्घ र प्रदेशमा जे जस्तो छ, त्यही अवस्थामा रहने निर्णय गरिएको बैठकपछि पार्टीका प्रवक्ता दामोदर पण्डितले जानकारी दिनुभयो । पण्डितले भन्नुभयो, "अहिलेलाई जहाँजस्तो छ, त्यही अवस्थामा रहने निर्णय गरिएको छ, सत्ता सहकार्यका सवालमा पार्टीको ' पोजिशन' स्पष्ट भएमा पछि सङ्घ र प्रदेशमा एकै धारणा बनाएर जान्छौं।"

नागरिक उन्मुक्ति पार्टीले केन्द्रमा प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड'लाई विश्वासको मत दिएको थियो। सुदूरपश्चिम प्रदेशमा भने नेपाली कांग्रेस नेतृत्वको हालको सरकारलाई समर्थन गर्ने निर्णय सो पार्टीको संसदीय दलको बैठकले हालै गरेको थियो। पार्टीका अध्यक्ष एवं सांसद रञ्जिता श्रेष्ठ चौधरीको अध्यक्षतामा पार्टीका संस्थापक सदस्यको आज टीकापुरमा बैठक बसेको प्रवक्ता पण्डितले बताउनुभयो । प्रदेशका भूमि व्यवस्था तथा सहकारीमन्त्री एवं नागरिक उन्मुक्ति पार्टीका नेता रामेश्वर चौधरीले पार्टीको टीकापुरमा बैठक बसेर गरेको भनिएको निर्णय झुठो रहेको बताउनुभयो । पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठले बैठकका लागि सबैलाई पत्राचार गरेको भए पनि कोही बैठकमा नगएको जानकारी दिनुहुँदै उहाँले भन्नुभयो, "टीकापुरमा आज केही भएको छैन, पार्टीबाट मन्त्री भएका धनगढीमै हुनुहुन्छ।" पार्टीका संस्थापक रेशमलाल चौधरी र अध्यक्ष रञ्जिताबीच सरकारलाई समर्थन गर्ने/नगर्ने विषयमा देखिएको मतभेदले पार्टीमा समस्या उत्पन्न भएको सो पार्टीका कार्यकर्ताको भनाइ छ।


## हावाहुरीबाट जोगिने उपायहरू


- ◆घरको संरचना बलियो बनाऔं,
- ◆हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- ◆छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- ◆छतका गमला सुरक्षित रुपमा राखौं,
- ◆जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- ◆हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- ◆सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- ◆हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- ◆हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- ● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- ● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- ● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- ● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
- » शरिरको एक हर नचल्ने ।
- » मुख बाङ्गो भएको ।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- » हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी **डा. राजिव घिमिरे** पोखरामा यही **मिति चैत्र १५ गते बिहीबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :

| | |
|---|---|
| पाइल्स | :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि । |
| फिस्टुला | :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने |
| फिसर | :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने |
| ग्याष्ट्रिक | :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने |
| अन्य रोगहरु | :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि |

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# कांग्रेसको द्वैध चरित्र

गृहमन्त्री रवि लामिछानेलाउउभा बल्न अवरोध गरिरहेको कांग्रेसले मिनी पार्लियामेन्टको रुपमा रहेको संसदीय समितिमा भने स्वागत गरेको छ। प्रतिनिधि सभामा सभामुखले गृहमन्त्रीलाई बोल्न समय दिँदा कांग्रेसले सहकारी ठगीको विषय उठाएर संसद् अवरुद्ध गरेको थियो तर बुधबार राज्य व्यवस्था तथा सुशासन समितिमा भने फरक दृश्य थियो । गृह मन्त्रालय अन्तर्गत समसामयिक विषयमा बोलाइएको छलफलमा कांग्रेस सांसदहरूले गृहमन्त्री लामिछानेलाई सफल कार्यकालको शुभकामना समेत दिए । कांग्रेस सांसद हृदयराम थानीले गृहमन्त्रीलाई बधाई तथा शुभकामना थिए । उनले लामिछाने सोही समितिको सदस्य रहँदा कांग्रेससँग धेरै कुरा मिल्ने गरेको बताउँदै मन्त्रालयमा पुगे पनि त्यस्तै अवस्था रहोस् भनेर शुभकामना दिए ।

उनले सत्तामा जानकै लागि राजनीति गर्ने भएकाले लामिछाने मन्त्री हुनु स्वाभाविक नै भएको बताए। उनले तेस्रो दलले प्रधानमन्त्री पाएको जिकिर गर्दै धम्क्याउन घुर्क्याउन जाने प्रधानमन्त्री नै हुन सक्ने भन्दै कटाक्ष पनि गरे। गठबन्धन सरकारले सबै कालखण्डका भ्रष्टाचार मुद्दा छानविन गर्ने प्रतिबद्धता जनाएको स्मरण गराउँदै भ्रष्टाचारका फाइल खोल्न काङ्ग्रेसको माग छ । ललिता निवास प्रकरण, लडाकु शिविर घोटाला प्रकरण, वाइडबडी, यती र ओम्नी लगायतका धेरै मुद्दा रहेकाले त्यसमा छानबिन गर्न सक्ने कि नसक्ने प्रश्न छ। धेरै मानिसले गृहमन्त्री लामिछानेप्रति अपेक्षा गरेको उल्लेख गर्दै सोधे- 'अपराधीलाई त्यसै छोडदिनँ भनेको के हो ? समाएर छोड्छु भनेको ?' उनले निर्मला पन्तको बलात्कारपछि भएको घटनाको छानबिन गर्छु भनेको स्मरण गराउँदै त्यसलाई कसरी अगाडि बढाउने भनेर प्रश्न गरे ।

यस्तै कांग्रेसका अर्का सांसद दिलेन्द्रप्रसाद बडूले सुन तस्करीमा संलग्नलाई कारबाही गर्न प्रधानमन्त्री र गृहमन्त्रीले तदारुकता देखाएको भन्दै प्रशंसा नै गरे। नयाँ सरकार बनेपछि एउटा तदारुकता भने देखियो, सुन तस्करीसँग सम्बन्धित छानबिन आयोग बन्यो, त्यसले आफ्नो प्रतिवेदन पनि बुझाएको छ। अहिलेको नेतृत्व प्रधानमन्त्री र गृहमन्त्री दुवैले एउटा तदारुकता देखाउनुभएको छ कि त्यसको कार्यान्वयनमा प्रमुखताका साथ अघि बढ्नुभएको छ । प्रतिनिधि सभामा गृहमन्त्रीप्रति आक्रामक हुँदै बैठक अवरोध गरे पनि संसदीय समितिमा भने कांग्रेस सांसदहरूले उनीमाथि जवाफ खोज्दै प्रश्न सोधे र त्यसको उत्तर ध्यानपूर्वक सुने । सांसद बडूले गृहमन्त्री लामिछानेलाई लक्षित गर्दै भने, 'गृहमन्त्री नहुँदा पनि त्यो प्रतिवेदन सार्वजनिक हुनुपर्छ भन्ने गर्नुहुन्थ्यो, मन्त्री भएपछि पनि सार्वजनिक गर्छु भन्नुभएको छ तर यो किन रोकिएको हो ? त्यसले कसरी कारबाही हुँदैछ भन्ने विश्वास बढाउँथ्यो होला । त्यसमा पनि विश्वास गरौँ, अक्षरसः त्यसमा छानबिन हुन्छ नै ।'

सत्ताबाट हटेको गृहमन्त्री रवि लामिछानेलाउउभा बल्न अवरोध गरिरहेको कांग्रेसले मिनी पार्लियामेन्टको रुपमा रहेको संसदीय समितिमा भने स्वागत गरेको छ। प्रतिनिधि सभामा सभामुखले गृहमन्त्रीलाई बोल्न समय दिँदा कांग्रेसले सहकारी ठगीको विषय उठाएर संसद् अवरुद्ध गरेको थियो तर बुधबार राज्य व्यवस्था तथा सुशासन समितिमा भने फरक दृश्य थियो । गृह मन्त्रालय अन्तर्गत समसामयिक विषयमा बोलाइएको छलफलमा कांग्रेस सांसदहरूले गृहमन्त्री लामिछानेलाई सफल कार्यकालको शुभकामना समेत दिए । कांग्रेस सांसद हृदयराम थानीले गृहमन्त्रीलाई बधाई तथा शुभकामना थिए। उनले लामिछाने सोही समितिको सदस्य रहँदा कांग्रेससँग धेरै कुरा मिल्ने गरेको बताउँदै मन्त्रालयमा पुगे पनि त्यस्तै अवस्था रहोस् भनेर शुभकामना दिए। उनले सत्तामा जानकै लागि राजनीति गर्ने भएकाले लामिछाने मन्त्री हुनु स्वाभाविक नै भएको बताए। उनले तेस्रो दलले प्रधानमन्त्री पाएको जिकिर गर्दै धम्क्याउन घुर्क्याउन जाने प्रधानमन्त्री नै हुन सक्ने भन्दै कटाक्ष पनि गरे ।

गठबन्धन सरकारले सबै कालखण्डका भ्रष्टाचार मुद्दा छानविन गर्ने प्रतिबद्धता जनाएको स्मरण गराउँदै भ्रष्टाचारका फाइल खोल्न काङ्ग्रेसको माग छ । ललिता निवास प्रकरण, लडाकु शिविर घोटाला प्रकरण, वाइडबडी, यती र ओम्नी लगायतका धेरै मुद्दा रहेकाले त्यसमा छानबिन गर्न सक्ने कि नसक्ने प्रश्न छ। धेरै मानिसले गृहमन्त्री लामिछानेप्रति अपेक्षा गरेको उल्लेख गर्दै सोधे- 'अपराधीलाई त्यसै छोडदिनँ भनेको के हो ? यस्तै कांग्रेसका अर्का सांसद दिलेन्द्रप्रसाद बडूले सुन तस्करीमा संलग्नलाई कारबाही गर्न प्रधानमन्त्री र गृहमन्त्रीले तदारुकता देखाएको भन्दै प्रशंसा नै गरे। नयाँ सरकार बनेपछि एउटा तदारुकता भने देखियो, सुन तस्करीसँग सम्बन्धित छानबिन आयोग बन्यो, त्यसले आफ्नो प्रतिवेदन पनि बुझाएको छ। अहिलेको नेतृत्व प्रधानमन्त्री र गृहमन्त्री दुवैले एउटा तदारुकता देखाउनुभएको छ कि त्यसको कार्यान्वयनमा प्रमुखताका साथ अघि बढ्नुभएको छ । प्रतिनिधि सभामा गृहमन्त्रीप्रति आक्रामक हुँदै बैठक अवरोध गरे पनि संसदीय समितिमा भने कांग्रेस सांसदहरूले उनीमाथि जवाफ खोज्दै प्रश्न सोधे र त्यसको उत्तर ध्यानपूर्वक सुने । कसरी काङ्ग्रेस चल्छ भन्ने सन्देश हो ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : मानसिक तनाब |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पर्वतका स्थानीय तहले ६३ करोड अनुदान पाउने

**पोखरापत्र संवाददाता**
पर्वत, १४ चैत

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि पर्वतका स्थानीय तहलाई रु ६३ करोड ७१ लाख अनुदान पठाउन सरकारलाई सिफारिस गरेको छ।

नेपाल सरकारबाट हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान रकम स्थानीय तहले आफैं बजेट बनाएर प्राथमिकताका आधारमा खर्च गर्न सक्नेछन् । अनुदान सिफारिस गर्दा न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादनमा आधारित अनुदान गरेर तीनवटा शीर्षकमा विभाजन गरिएको आयोगले जनाएको छ। पर्वतका दुई नगरपालिका र पाँच गाउँपालिकामध्ये सबैभन्दा धेरै कुश्मा नगरपालिकाले पाउने भएको छ ।

कुश्मा नगरपालिकाले रु १२ करोड ६६ लाख वित्तीय समानीकरण अनुदान रकम पाउने भएको हो । न्यूनतम अनुदान रु तीन करोड ५० लाख, सूत्रमा आधारित अनुदान रु आठ करोड ८० लाख र कार्यसम्पादनमा आधारित अनुदान रु ३६ लाख पाउने भएका छन् । त्यसैगरी, मोदी गाउँपालिकाले रु नौ करोड ६ लाख वित्तीय समानीकरण अनुदान रकम पाउने भएको छ जसमा न्यूनतम अनुदान रु तीन करोड, सूत्रमा आधारित अनुदान रु पाँच करोड ६१ लाख र कार्यसम्पादनमा आधारित अनुदान रु ४५ लाख छ । जलजला गाउँपालिकाले रु नौ करोड ३८ लाख वित्तीय समानीकरण अनुदान रकम पाउने भएको छ । पालिकाले न्यूनतम अनुदान रु तीन करोड २५ लाख, सूत्रमा आधारित अनुदान रु पाँच करोड ६८ लाख र कार्यसम्पादनमा आधारित अनुदान रु ५४ लाख पाउने छन् ।

फलेवास नगरपालिकाले रु नौ करोड ८७ लाख वित्तीय समानीकरण अनुदान रकम पाउने भएको छ। नगरले न्यूनतम अनुदान रु तीन करोड २५ लाख, सूत्रमा आधारित अनुदान रु ६ करोड २२ लाख र कार्यसम्पादनमा आधारित अनुदान रु ३१ लाख पाउने भएको छ । महाशिला गाउँपालिकाले रु सात करोड ११ लाख वित्तीय समानीकरण अनुदान रकम पाउने भएको छ। महाशिलाले न्यूनतम अनुदान रु दुई करोड रु ७५ लाख, सूत्रमा आधारित अनुदान रु तीन करोड ७५ लाख र कार्यसम्पादनमा आधारित अनुदान रु ६१ लाख पाउने भएको छ । यसैगरी, बिहादी गाउँपालिकाले रु सात करोड ६४ लाख वित्तीय समानीकरण अनुदान रकम पाउने भएको छ । बिहादीले न्यूनतम अनुदान रु तीन करोड, सूत्रमा आधारित अनुदान रु चार करोड १४ लाख र कार्यसम्पादनमा आधारित अनुदान रु ५० लाख पाउने छ। पैयूँ गाउँपालिकाले रु आठ करोड आठ लाख वित्तीय समानीकरण अनुदान रकम पाउने भएको छ। पैयूँले न्यूनतम अनुदान रु तीन करोड, सूत्रमा आधारित अनुदान रु चार करोड ५७ लाख र कार्यसम्पादनमा आधारित अनुदान रु ५१ लाख पाउने भएको छ।

अनुदानसँगै स्थानीय तहले आगामी आर्थिक वर्षका लागि निर्धारण गर्ने बजेट वृद्धि हुने भएको छ । सङ्घीय सञ्चित कोषबाट सरकारले प्रदेश र स्थानीय तहलाई उनीहरूको खर्चको आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ। यस्तो अनुदान तय गरी सिफारिस गर्ने जिम्मेवारी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हो ।

# पर्वतमा चार करोडको लागतमा तटबन्ध निर्माण

**पोखरापत्र संवाददाता**
पर्वत, १४ चैत

पर्वतको जलजला गाउँपालिका-२ स्थित राम मन्दिर संरक्षण गर्न रु चार करोड ३२ लाख ७९ हजारको लागतमा तटबन्ध निर्माण गरिएको छ।

कालीगण्डकी र रघुगङ्गा नदीमा अघिल्लो वर्षायाममा आएको बाढीले कटानको उच्च जोखिममा परेको राम मन्दि संरक्षण गर्न पक्की तटबन्ध निर्माण गरिएको हो । जलस्रोत तथा सिँचाइ विभागअन्तर्गतको रुपताल संरक्षण एकीकृत विकास परियोजनाले माछापुच्छे निर्माण सेवासँग दुई वर्षमा निर्माण सम्पन्न गर्नेगरी गत वर्ष माघमा रु चार करोड ३२ लाख ७९ हजारमा ठेक्का सम्झौता गरेको थियो । मन्दिर संरक्षण गर्न कालीगण्डकी नदी किनारमा एक सय ३८ मिटर लामो 'कम्पोजिट' पर्खाल निर्माण गरिएको छ । ठेक्का सम्झौता हुने वित्तिकै निर्माण कम्पनीले काम थालेको थियो। आगामी पुस ७ गतेसम्म ठेक्काको म्याद भए पनि १० महिनाअगावै योजना सम्पन्न भएको छ । तीन वर्षअघि कालीगण्डकीमा आएको बाढीले कालीगण्डकी र रघुगङ्गा नदीको दोभानमा रहेको राम मन्दिरमा क्षति भएको थियो । नदी कटानले मन्दिरको धर्मशालासहितका संरचना बाढीले बगाएको थियो। बाढीका कारण मन्दिर, पुजारी निवास र गलेश्वरबाट राम मन्दिर जोड्ने झोलुङ्गे पुल जोखिममा परेको थियो ।

रुपताल संरक्षण एकीकृत विकास परियोजनाका सबइन्जिनियर अशोक तिमिल्सिनाका अनुसार जमिनमुनि ५० सेन्टिमिटर चौडाइको दुईमिटर ५० सेन्टिमिटरको कटअफ निर्माण गरी तीन मिटर उचाइको चार मिटर फराकिलो पक्की कम्पोजिट पर्खाल निर्माण गरिएको छ । निर्माण भएको कम्पोजिट पर्खालमाथि आवश्यकतानुसार तीनदेखि चारमिटर उचाइसम्म 'ग्याबिन' जाली भरिएको छ।

कालीगण्डकीको कटानले उच्च जोखिममा पर्वत जलजला गाउँपालिकास्थित वारीबेनी, म्याग्दीको बेनीबजार र गलेश्वर क्षेत्र आसपासका बस्तीलाई संरक्षण गर्न रुपताल संरक्षण एकीकृत विकास परियोजनाले एक वर्षअघिदेखि रु ४८ करोडको लागतमा विभिन्न आयोजना सञ्चालन गर्दै आएको छ।

# म्याग्दीमा मह सिकार सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ चैत

जिल्लाका भिर पहरामा मह सिकार सुरु भएको छ । अन्नपूर्ण, रघुगङ्गा र धवलागिरि गाउँपालिकाको लेकाली क्षेत्रका भिरबाट मह निकाल्न थालिएको हो ।

अन्नपूर्ण गाउँपालिका-७ टिकोटका मह सिकारी दीपक पुनले मह सिकारका लागि दोसल्ले भिर आएको बताउनुभयो । "बैंसीका भिरबाट सुरु हुने मह सिकार गर्दै असारमा लेकको पहाडमा पुग्छौँ", उहाँले भन्नुभयो, "सातजनाको समूह मह सिकारका लागि निक्लिएका छौँ ।" मह सिकारीले डोरीको सहायताले भिर मौरीको गोला भएको देख्दै डरलाग्दो भिरमा झुण्डिएर मह निकाल्ने गर्दछन् । भिरमह खाँदा जति स्वादिलो र रसिलो हुन्छ यसलाई निकाल्न भने अत्यन्तै जोखिम मोल्नुपर्ने हुन्छ। भिरमा भिरमौरीले लगाएका गोला काट्नका लागि मह सिकारी डोरी (पराङ) मा झुन्डिएर मह सिकार गर्ने गर्दछन् । वसन्त र शरद् ऋतु मह शिकारका लागि उपयुक्त समय मानिन्छ । वसन्त ऋतुमा बैंसी र शरद्मा लेकमा पुगेर भिरमह निकाल्न उपयुक्त समय हो । दोसल्लेको भिरमा तीन दिनदेखि मह सिकार गरेको दीपकको समूहले ४० लिटर मह निकालेका छन् । प्रतिलिटर रु तीन हजार पाँच सयका दरले भिरमह बिक्री हुने गर्छ । मह निकाल्नका लागि भिरको माथिल्लो भाग र तल्लो भागमा दुई समूहमा सिकारी बाँडिएका हुन्छन् । एक समूहले भिरको माथिबाट तल भुइँसम्म डोरी (स्थानीय भाषामा परङ) झुन्ड्याउँछन् भने भिरको तलपट्टि रहेको अर्को समूहले मह थाप्ने र स्याहार्ने गर्दछन् ।

महको चाका वरिपरि माहुरी घेरिएर बसेका हुन्छन्। धुवाँ लगाइदिएपछि मौरी भाग्छन्। त्यतिबेला मह निकाल्न विशेष ध्यान पुऱ्याउनु पर्छ। जब परङमार्फत गएका सिकारीले गोलामा धुँवा झोस्न सुरु गर्छन् माहुरीले टोक्ने डरले वरपरका सबै सिकारी रूख र ओडारमा लुक्छन्। माहुरी अन्यत्रै भागेपछि मात्र उनीहरूलाई बाहिर आएर मह निकाल्न सजिलो हुने गर्छ । मुख्य सिकारीले हतियार प्रयोग गरी निकालेको महको भाँडालाई डोरीको सहायताले भुइँसम्म ल्याउने गरिन्छ । स्वादिलो, स्वास्थ्यका लागि हितकर र शक्तिवर्द्धक हुनाका साथै धार्मिक कार्यका लागि पनि प्रयोग हुने भएकाले भिरमहको माग बढेको छ।

# गोरखा नगरपालिकाद्वारा प्रधानमन्त्रीसँग तीन अर्बभन्दा बढीको बजेट माग

**पोखरापत्र संवाददाता**
गोरखा, १४ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग गोरखा नगरपालिकाका जनप्रतिनिधिसहितको टोलीले सिंहदरबारमा बुधबार भेटघाट गरी नगर क्षेत्रको विकासका लागि विभिन्न योजना कार्यान्वयनमा सहयोग पुऱ्याउन आग्रह गरेको छ।

गोरखा क्षेत्र नम्बर २ का सांसदसमेत रहनुभएका प्रधानमन्त्रीलाई भेटेर नेपालको इतिहास झल्कने गरी गोरखामा ऐतिहासिक सङ्ग्रहालय उद्यान निर्माणसहित अन्य दीर्घकालीन योजनाको प्रस्ताव गर्दै बजेट माग गरिएको नगरप्रमुख कृष्णबहादुर रानामगरले जानकारी दिनुभयो।

"पृथ्वीनारायण शाहको इतिहासदेखि गणतन्त्र नेपालसम्मको इतिहासलाई एकै ठाउँमा देख्न र अध्ययन गर्न पाइने गरी ऐतिहासिक सङ्ग्रहालय उद्यान निर्माणको प्रस्ताव प्रधानमन्त्रीसमक्ष गरेका छौँ, उहाँले भन्नुभयो, त्यसबाहेक नगरपालिकाभित्र सडक स्तरोन्नति, छेवेटार बहुउद्देश्यीय ताल निर्माण लगायतका योजना पनि माग गरिएका योजनामा परेका छन् ।" त्यस्तै ऐतिहासिक ठूलोआँगन क्षेत्रमा सम्पदा बस्ती निर्माणका लागि रु ५० करोड, बेनीखोला मत्स्य पर्यटन केन्द्र निर्माणका लागि रु १० करोड, गोरखा सदरमुकामको बसपार्कदेखि खोलखोलेसम्म आधुनिकस्तरकोफुटपाथसहितको सडक निर्माणका लागि रु २० करोड, शिखरबैंसी ताल निर्माणका लागि रु ५० करोड बराबरको योजना पेस गरी बजेट माग गरिएको उहाँले बताउनुभयो।

त्यस्तै जनप्रतिनिधिको टोलीलेसङ्घीय सरकारले गर्नुपर्ने नगरपालिकाभित्रका विभिन्न सडक स्तरोन्नतिका लागिसमेत योजना प्रस्ताव गरी बजेट विनियोजनको माग गरेको छ । स्रोत सुनिश्चित नहुँदा रोकिएको रु ९० करोडको गोरखा सदरमुकामको ढल व्यवस्थापनको योजना, रु १७ करोड दरौँदी लिफ्टिङ योजनाका लागि स्रोत सुनिश्चित गरिदिन पनि नगरकार्यपालिकाले टोलीले प्रधानमन्त्रीसँग माग गरेको छ।

नगरपालिकाले राखेको मागप्रति प्रधानमन्त्री दाहाल सकारात्मक हुनुभएको नगरप्रमुख रानामगरको भनाइ छ । प्रधानमन्त्री दाहाललाई भेट्न नगरप्रमुख रानामगरसहित, उपप्रमुख मसलीमाया थोकर प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सुवेदी, संविधानसभाका सदस्य अमर तमु, नगर कार्यपालिका सदस्यलगायत सिंहदरबार पुगेका थिए।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः
वि.स. १९९२/03/02

स्वर्गारोहणः
वि.स. २0८0/१२/03 गते

**स्वः हरि बहादुर श्रेष्ठ**

यस सत्य सेवा आमा समुहका सदस्य श्रीमती माया श्रेष्ठका पति एवं छोरा अर्जुन श्रेष्ठ,तारा प्रताप श्रेष्ठ, कृष्ण श्रेष्ठ एवम् बुहारीहरु सम्झना श्रेष्ठ, सगुन श्रेष्ठ तथा छोरी शुष्मा श्रेष्ठका पुजनीय पिता **हरि बहादुर श्रेष्ठ**को ८८ वर्षको उमेरमा भएको असामयिक निधनले अत्यन्तै मर्माहत र स्तव्ध भएको छ। वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

प्रेम प्रसाद पराजुली
अध्यक्ष तथा
नागेश्वर भजन कृतन समुह परिवार

जमुनादेवी श्रेष्ठ
अध्यक्ष तथा
सत्य सेवा आमा समुह परिवार

पोखरा महानगरपालिका-१३ बाँझापाटन

# बिहीबारदेखि सुरु हुने एसइईको सम्पूर्ण तयारी पूरा

**रमेश गिरी**
काठमाडौं, १४ चैत/ रासस

बिहीबारदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)को सम्पूर्ण तयारी पुरा भएको छ। चैत १५ देखि २७ गतेसम्म सञ्चालन हुने यस वर्षको एसइई परीक्षाको अन्तिम तयारी पुरा भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ।

बोर्डका अध्यक्ष प्रा डा महाश्रम शर्माले भोलिदेखि सञ्चालन हुने परीषाको सम्पूर्ण तयारी पूरा भएको भन्दै प्रश्नपत्र र उत्तरपुस्तिका जिल्लाजिल्ला पुऱ्याइएको जानकारी दिनुभयो। उहाँले परीक्षालाई शान्तिपूर्णरूपमा सम्पन्न गर्न सबैलाई आह्वान पनि गर्नुभयो।

"भोलिदेखि देशभर एकैसाथ सुरु हुने एसइई परीक्षाको सम्पूर्ण तयारी पुरा भएको छ। भयरहित भएर ढुक्कसँग परीक्षामा सहभागी हुन सबै परीक्षार्थीलाई आह्वान गर्दछु", शर्माले भन्नुभयो, "साथै परीक्षालाई शान्तिपूर्ण, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्न/गराउने विद्यार्थी, शिक्षक, अभिभावक र सबै नागरिकमा आह्वान गर्दछौं।" उहाँका अनुसार चैत १५ गते बिहान ८ बजेबाट ११ बजेसम्म सञ्चालन हुने परीक्षा चैत २७ गते सम्पन्न हुनेछ। पहिलो दिन अङ्ग्रेजी विषयको परीक्षा हुनेछ। एसइईलाई व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न परीक्षामा खटिने केन्द्राध्यक्षलगायत जनशक्तिलाई अभिमुखीकरण गरिएको बोर्डले जनाएको छ।

**परीक्षा दिने पाँच लाख बढी**

बोर्डले चैत १५ गतेदेखि सुरु हुने परीक्षामा सामुदायिक तथा संस्थागत गरी १० हजार आठ सय छ विद्यालयका दुई लाख ५० हजार सात सय ७२ छात्रा, दुई लाख ५३ हजार छ सय २७ छात्र र अन्य १५ जना गरी कूल पाँच लाख चार हजार चार सय १४ परीक्षार्थी सहभागी हुने कक्षा १० परीक्षा नियन्त्रण कार्यालयका एसइई परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार कूल परीक्षार्थीमध्ये पाँच सय छ विद्यालयका १५ हजार सात सय ४९ जना परीक्षार्थी प्राविधिक धारतर्फका छन्। परीक्षामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका १५ जना परीक्षार्थी सहभागी हुने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार बाँके, चितवन, दाङ, गोरखा, इलाम, खोटाङ, सुर्खेतबाट एक/एक, पर्सा र सप्तरीबाट दुई/दुई, रुपन्देहीबाट चार जना छन्।

परीक्षाका लागि कार्यालयले दुई हजार ६४ परीक्षा केन्द्र निर्धारण गरेको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार सबैभन्दा कम मनाङ, मुस्ताङमा एक/एक र सबैभन्दा बढी काठमाडौँमा एक सय २७ परीक्षा केन्द्र निर्धारण गरिएको छ।

**जापानमा एक परीक्षा केन्द्र**

यस वर्षको एसइई परीषमा जापानबाट २३ जना सहभागी हुने परीक्षा नियन्त्रक पौडेलले बताउनुभयो। उहाँका अनुसार जापानमा रहेको एभरेष्ट स्कूलमा एक परीक्षा केन्द्रबाट १५ छात्रा र आठ छात्र गरी २३ विद्यार्थीले परीक्षा दिने भएका छन्।

**प्रश्न पत्र र उत्तरपुस्तिका जिल्लाजिल्लामा**

परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र र उत्तर पुस्तिकालगायतका सम्पूर्ण सामग्री बोर्डले सम्बन्धित जिल्ला पुऱ्याएको छ। बोर्डले यसवर्ष पाँच लाख प्रश्नपत्र छापेको जनाएको छ।

परीक्षा नियन्त्रक पौडेलले परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र बोर्डले देशभरका ७७ जिल्लाका प्रहरी कार्यालयमा पठाइसकेको जानकारी दिनुभयो। उहाँका अनुसार प्रत्येक विषयको परीक्षाका दिन परीक्षा सुरु हुनु केही समय अगाडि मात्रै प्रहरी सुरक्षाका साथ सम्बन्धित परीक्षा केन्द्रमा प्रश्न पत्र पठाइने छ। उत्तरपुस्तिका एवम् अन्य सामग्री कार्यालयले सातै प्रदेशबाट जिल्लाजिल्ला पठाइसकेको जानकारी दिँदै पौडेलले परीक्षाका लागि प्रदेश र जिल्लाले गर्ने तयारी पनि पुरा भएको जानकारी आएको बताउनुभयो। परीक्षा सञ्चालनका लागि आवश्यक बजेट भने सातवटै प्रदेशका प्रदेश सरकार, सामाजिक सुरक्षा मन्त्रालयले व्यवस्थापन गर्नेछ। जापानको परीक्षा केन्द्रको जापानस्थित नेपाली दूतावासले परीक्षाको अनुगमन गर्ने भएको छ। जापानमा केन्द्र रहेको स्कूलको प्रिन्सिपललाई केन्द्राध्यक्षको जिम्मेवारी दिइएको छ। हुलाकमार्फतमा उत्तर पुस्तिका पठाइएको जापानमा परीक्षा सुरु हुनु अगाडि इमेलमार्फत प्रश्नपत्र पठाइने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो।

**परीक्षाका लागि खटिदै जनशक्ति**

बोर्डका अनुसार एसइई परीक्षाका लागि प्रत्यक्षरूपमा ७७ हजार चार सय ८५ जना जनशक्ति परिचालन हुने भएका छन्। प्रति केन्द्र एक जनाका दरले केन्द्राध्यक्ष खटाइनेछ। देशभर दुई हजार ६४ परीक्षा केन्द्र तोकिएका छन्। त्यस्तै एक सय ५० विद्यार्थी बराबर एक जनाका दरले चार हजार एक सय २८ जना सहायक केन्द्राध्यक्ष, प्रति २० विद्यार्थी बराबर एक जनाका दरले २५ हजार दुई सय २२ निरीक्षक खटाइएको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो। त्यसैगरी एक सय परीक्षार्थी बराबर एक जनाका दरले पाँच हजार ५४ परीक्षा सहायक खटाइनेछ भने ५० परीक्षार्थी बराबर एक जनाका दरले १० हजार ८१ कार्यालय सहयोगी खटाइने भएको छ। प्रत्येक परीक्षा केन्द्रमा १५ जनाका दरले ३० हजार नौ सय ६० सुरक्षाकर्मी परिचालन गरिने छ। परीक्षा केन्द्रको आवश्यकताअनुसार सुरक्षाकर्मीको सङ्ख्या थप हुन सक्ने पौडेलको भनाइ छ। उहाँका अनुसार सुरक्षाकर्मीदेखि कर्मचारी परिचालनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला परीक्षा समन्वय समितिले थप गर्न सक्नेछ।

**परीक्षा उतीर्ण हुन ३५ प्रतिशत अङ्क ल्याउनुपर्ने**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट विसं २०७८ पुस ७ गते 'लेटर ग्रेडिङ निर्देशिका २०७८' जारी गरेपनि कार्यान्वयनमा आउन सकेको थिएन। यसवर्षको परीक्षामा भने बोर्डले 'लेटर ग्रेडिङ निर्देशिका २०७८' लागू गरेको छ। विगतमा सैद्धान्तिक र प्रयोगात्मक दुवै जोडेर ३५ प्रतिशत ल्याउनुपर्ने प्रावधान रहेकामा बोर्डले यसवर्ष पहिलो पटक निर्देशिका कार्यान्वयनमा ल्याएसँगै एसइई परीक्षाको नतिजामा विद्यार्थीले सैद्धान्तिकमा ३५ र प्रयोगात्मकमा ४० अङ्क ल्याउनै पर्ने भएको छ।

परीक्षा नियन्त्रक पौडेलले परीक्षार्थीले कम्तीमा सैद्धान्तिक विषयमा ३५ अङ्क र प्रयोगात्मकमा ४० अङ्क ल्याउनै पर्ने बताउँदै एक सय पूर्णाङ्क रहेको विषयमा ३५ र ७५ पूर्णाङ्क रहेको विषयमा २७ अङ्क ल्याउनु पर्ने जानकारी दिनुभयो। परीक्षा नियन्त्रक पौडेलले ३५ प्रतिशतभन्दा कम अङ्क ल्याएमा कक्षा ११ मा भर्ना हुन नपाउने र पुनः मौका परीक्षामा सहभागी हुनुपर्ने प्रावधान रहेको बताउनुभयो। उहाँका अनुसार ३५ अङ्क ल्याउन नसक्ने विद्यार्थीले पहिलो वर्ष दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरिएको छ। विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने छन्।


## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

**म रोहित बरालको सृजनाचोकदेखि आखाँ हस्पिटलचोक जाने क्रममा माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।**

Name: Rohit Baral
Registration No: 784400100240
Symbol No : 94062920
**ठेगाना : पोखरा-१७, आँखा हस्पिटलचोक**
**सम्पर्क नं. : ९८४४९४४०६७**



**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/१२/१५

यस कार्यालयबाट मिति २०७२/०५/०२ मा कास्की जिल्ला पोखरा १० कास्कीमा संचालन गर्ने गरि पोखरा १५ कास्की निवासी बाबुराम थापा प्रोप्राईटर रहने गरी दर्ता भएको फर्म दर्ता नं. १०१११/०७२/०७३ को शुभ कालिका आल्मुनियम एण्ड स्टील सप्लायर्स नामक फर्मको सञ्चालक बाबुराम थापाको मिति २०७८/०२/०२ मा मृत्यु भएको हुँदा निजको श्रीमती श्री शान्ती देवी थापाले मिति २०८०/१२/१३ मा फर्म खारेज गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार प्रोप्राईटरको श्रीमती पोखरा १५ कास्की निवासी श्री शान्तीदेवी थापाको निवेदन अनुसार फर्म खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**


# 'जून ओर्लेको रात' बजारमा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत

युवा कवि सञ्जीव पौडेलको 'जून ओर्लेको रात' कविता सङ्ग्रह बजारमा आएको छ।

पोखरामा रहेर विगत दुई दशकभन्दा बढी समयदेखि निरन्तर साहित्य क्षेत्रमा क्रियाशील पौडेलको यो दोस्रो साहित्यिक कृति हो। यसअघि उहाँको २०७४ सालमा 'यानी' मुक्तक सङ्ग्रह प्रकाशित भएको थियो।

कविता संग्रहमा प्रकृति, संस्कृति, राजनीतिक एवम् सामाजिक विसङ्गतिलगायत मानवीय संवेदनाका विविध पक्ष समेटिएका ५७ ओटा कविता प्रस्तुत गरिएको छ। समाजको विद्यमान विकृति विसङ्गतिलाई उल्लेख गर्दै 'जून ओर्लेको रात' को 'शिक्षा' शीर्षकको कवितामा उहाँ भन्नुहुन्छ,

"मेरो छोरो
सन्तुलित आहार पढ्छ
किताबमा र भान्छामा
असन्तुलित आहारा खान्छ।
मेरी छोरी
पढ्छे शारीरिक व्यायाम
तर
सुत्छे घाम तन्नेरी भएसम्म ॥"

कविता, गीत, गजल, मुक्तक, निबन्ध, कथालगायत साहित्यिक विधामा कलम चलाउने पौडेल समालोचनाका क्षेत्रमा पनि उत्तिकै क्रियाशील हुनुहुन्छ। पोखरेली साहित्यको विकासका लागि सञ्चालित 'पुछारसिटे' अभियानका संयोजकसमेत रहेका पौडेल नेपाली लेखक सङ्घ गण्डकी प्रदेशको महासचिव हुनुहुन्छ। पौडेलको यो कृति अम्बर पब्लिकेसन, नयाँदिल्लीले प्रकाशन गरेको हो। नेपालमा पुस्तकको वितरण व्यवस्थापन माया पब्लिकेसनले गरेको छ। कूल एक सय पाँच पृष्ठमा समेटिएको कृतिको मूल्य रु दुई सय ७५ रहेको छ।

# सेवाग्राहीलाई प्रहरीको 'भिजिटिङ कार्ड'

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ चैत

जिल्ला प्रहरी कार्यालय म्याग्दीले लक्षित समुदायलाई सेवामा प्राथमिकता दिन 'भिजिटिङ कार्ड' को व्यवस्था गरेको छ।

अल्पसङ्ख्यक, महिला तथा बालबालिका र अपाङ्गता भएका सेवाग्राहीका लागि तीन किसिमको भिजिटिङ कार्डको व्यवस्था गरिएको छ।

अल्पसङ्ख्यकलाई रातो, वुद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिलाई पहेँलो र महिला तथा बालबालिकालाई सेतो भिजिटिङ कार्डको व्यवस्था गरिएको प्रहरी नायव उपरीक्षक मदन कुँवरले जानकारी दिनुभयो। "प्रहरी सेवामा लक्षित समुदायको पहुँच बढाउन यो व्यवस्था गरिएको हो", उहाँले भन्नुभयो, "राज्यको नीति र व्यवहारिकता हेरेर लक्षित समुदायका सेवाग्राहीको कामलाई प्राथमिकता दिएका छौं।"

पछिल्लो १४ महिनाको अवधिमा अदालतको फैसला कार्यान्वयनमा जिल्लामै पहिलोपटक ठूलो रकम बराबरको जरिवाना र कैद असुलउपर गरिएको प्रहरी नायव उपरीक्षक कुँवरले बताउनुभयो। अदालतले विभिन्न मुद्दामा दोषी ठहर गरेका ७४ जनालाई पक्राउ गरी कैद सजायका साथै रु एक करोड १२ लाख जरिवाना असुलउपर गरेको हो।

प्रविधियुक्त अनुसन्धान र शान्ति सुरक्षाको प्रभावकारी व्यवस्थापन गर्न विभिन्न निकायसँग आवश्यक समन्वय गरी गलेश्वरमा ६, बेनीको गणेशटोलमा दुई तथा कारागार कार्यालयमा दुई सिसिटिभी जडान गरिएको छ। हालसम्म म्याग्दीका सार्वजनिक स्थलमा ७७ सिसिटिभी जडान गरिएको प्रहरी नायव उपरीक्षक कुँवरले बताउनुभयो।


## धितोमा रहेको घर जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने सूचना

(तेस्रो प्रकाशित मिति २०८०/१२/१५)

तपसिल उल्लेखित ऋणीले यस संस्थाबाट घरयासी प्रयोजनका लागि घर जग्गा तथा भवन विकास कर्जा शिर्षक अन्तर्गत ऋण लिनु भएकोमा उक्त कर्जाको समय-समयमा बुझाउनुपर्ने व्याज तथा हर्जना रकम नबुझाई उक्त कर्जाको भाखा समेत कटेको र कर्जा तथा व्याज चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक रुपमा तारताकेता गर्दा र मिति २०७९/०७/२२ को समाधान राष्ट्रिय दैनिक र आर्दश समाज राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना २०८०/०२/१० गते प्रथम पटक लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना तथा २०८०/०३/१८ गते दोस्रो पटक १५ दिने लिलाम बिक्री सूचना प्रकाशित गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण सावाँ व्याज तथा हर्जना चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई आलटाल गरी बसेको हुनाले यस संस्थाले निज ऋणीसँग लिनुपर्ने सावा ब्याज जरिवाना/हर्जना शुल्क र अन्य दस्तुर समेत असुल उपर गरि दिनको लागि सहकारी ऐन २०७४, प्रचलित सहकारी मापडण्ड, नीति नियम तथा यस संस्थाको विनियम समेतले दिइएको अधिकार प्रयोग गरी यस संस्थालाई धितो सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेखित घरजग्गा जेजस्ता अवस्थामा छ सोही अवस्थामा निम्न मिति समय र स्थानमा डाँक बढाबढ प्रक्रियाबाट लिलाम बिक्री गरिने भएकोले सो लिलाम बिक्रीमा डाँक बढाबढ गरी लिन इच्छुक महानुभावहरुको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको जग्गा लिलाम बिक्रीबाट पनि यस संस्थाले लिनुपर्ने सम्पूर्ण सावाँ ब्याज हर्जना दस्तुर समेत तिर्न लगाई चुक्ता गरी धितो फुकुवा गरी लान ऋणीलाई यो अन्तिम अवसर दिइएको छ। धितोमा रहेको जग्गा लिलाम बिक्रीबाट पनि यस संस्थाले लिनुपर्ने सम्पूर्ण ब्याज हर्जाना तथा शुल्क तथा दस्तुर आदि असुल उपर नभएमा ऋणी तथा जमानत कर्ताको नाममा रहेको जाय जेथा तथा घरानाबाट समेत असुल उपर गरिने छ।

तपसील

| सि.नं | ऋणीको नाम | |
|---|---|---|
| १. | **ऋणीको नाम : टिका कुमारी गुरुङ**<br>नागरीकता नं. : ४६१०१४।१६६<br>पतिको नाम : मुनेश थापा<br>ससुराको नाम : कमलसिंह थापा<br>स्थायी ठेगाना : पोखरा ११<br><br>**धनजमानी दिनेका नामः जानकी गुरुङ**<br>नागरीकता नं. : १२३३/०५०<br>पतिको नाम : कृष्ण बहादुर गुरुङ<br>ससुराको नाम : लाल सिंह गुरुङ<br>स्थायी ठेगाना : लमजुङ्ग ०१, खुदी<br>हाल ठेगाना : पोखरा, १६ | **धितोको विवरण**<br>जग्गाधनिको नाम : टिका कुमारी गुरुङ्ग<br>जिल्ला : कास्की<br>नगर, गाविस : साविक शिशुवा वडा.नं ०२<br>हाल पोखरा महानगरपालिका वडा नं २९, शैनिक बस्ती<br>कित्ता नं. : ४६१९ जग्गा तथा त्यसमा बनेका घर तथा लिग लगापात सबै<br>क्षेत्रफल ब.मि : २२६.५१ ब.मि (घर साढे दुई तला र त्यस कित्ता चर्चेको सम्पूर्ण सम्पत्ति समेत) |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रिको सूचना प्रकाशन भएको मितीले ७ (सात) दिन भित्र ऋण वा जमानतबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा ८ औं दिन बिहान ११ बजे देखि दिउँसो ३ बजे सम्म यस संस्थाको कार्यलय पोखरा -९, संगममार्गमा लिलाम डाँक सम्बन्धी कार्य हुने छ। उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यलय खुलेको दिन लिलाम बढाबढ हुने छ।
२. लिलाम डाँक बढाबढमा भाग लिन इच्छुक व्यक्ति स्वयम् सक्कल नागरिकता लिई उपस्थिती हुनुपर्ने छ। संगठित संस्थाको हकमा रितपूर्वक अख्तियारी तथा संगठित संस्थाको दर्तासँग सम्बन्धित कागजातहरु सहित उपस्थित हुनुपर्नेछ।
३. धितो सम्पत्तिको पञ्चकृत मुल्यलाई आधारमानी लिलामी डाँक बढाबढ हुने छ। धितो लिलाम बढाबढमा अन्तिम पटक सबै भन्दा बढी रकम कबुल गर्ने व्यक्ति वा संगठित संस्थाले आफुले कबुल गरेको मूल्य अंकको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी वापत यस संस्थामा तत्काल जम्मा गर्नुपर्ने छ।
४. सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्ति वा संगठित संस्थालार्य धितो सम्पत्ति बिक्री गर्ने नगर्ने अधिकार संस्थामा सुरक्षित रहने छ। संस्थाले धितो सम्पत्ति लिलाम बिक्रि गर्ने निर्णय भई जानकारी दिएपछि लिलाम सकार्ने व्यक्तिले सोको ७ दिन भित्र बाँकी सम्पूर्ण मुल्य रकम संस्थामा दाखिला गरिसक्नु पर्ने छ। अन्यथा निजको धरौटी रकम जफत हुनेछ।
५. लिलाम सकार गर्नेले सकार गरेको पुरा रकम उक्त तोकिएको समय भित्र बुझाएमा लिलाम सकारेको उक्त जग्गा निजको नाउमा नामसारीका लागि आवश्यक प्रक्रिया अघि बढाइने छ। सो सम्बन्धी लाग्ने राजश्व तथा अन्य सम्पूर्ण खर्च धितो सकार्नेले व्यहोर्नु पर्नेछ।
६. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्ने छ।
७. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वंयमले व्यहोर्नु पर्ने छ।
८. लिलाम हुने धितो सम्पत्ति सम्बन्धी कागजात र लिलाम सम्बन्धी अन्य जानकारीका लागि संस्थाको कार्यलयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

**सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**पोखरा-९, संगममार्ग, कास्की**
**फोन नं. ०६१-५७२२४०**